# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, पुस २ गते २०६५ साल (अतिरिक्ताङ्क ४०


## भाग २

नेपाल सरकार

कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संवत् २०६५ सालको ऐन नं. ६

### केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना** : केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) (पहिलो संशोधन) ऐन, २०६५" रहेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३ को दफा २ मा संशोधन : केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) को उपखण्ड (६) को सट्टा देहायको उपखण्ड (६) राखिएको छ :-

"(६) संविधान सभा वा व्यवस्थापिका-संसदद्वारा पारित प्रस्ताव,"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :-

"३. ऐनको प्रमाणीकरण कार्यविधि : (१) संविधान सभाबाट विधेयक पारित भएपछि व्यवस्थापिका-संसद सचिवालयले त्यस्तो विधेयक नेपाली कागजमा चार प्रति तयार गरी प्रमाणीकरणको लागि राष्ट्रपति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने विधेयकका प्रतिहरुमा सभामुखले व्यवस्थापिका-संसदबाट विधेयक पारित भएको मिति उल्लेख गरी हस्ताक्षर गरेको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पेश भएका विधेयकका प्रतिहरुमा राष्ट्रपतिले मिति उल्लेख गरी हस्ताक्षर गरेपछि त्यस्तो विधेयक प्रमाणीकरण हुनेछ र ऐन बन्नेछ ।

(४) उपदफा (३) बमोजिमका प्रामाणिक प्रतिहरुमध्ये एक प्रति राष्ट्रपतिको कार्यालयमा राखी अन्य एक/एक प्रति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय र व्यवस्थापिका-संसद सचिवालयमा पठाउनु पर्नेछ र त्यस्ता


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रत्येक कार्यालयले त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षितसाथ राख्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको प्रामाणिक प्रतिको आधारमा कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयका सचिवले ऐन प्रमाणीकरण भएको मिति राखी सो ऐन नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।"

४. मूल ऐन को दफा ४ मा संशोधन : मूल ऐन को दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. संविधान सभा वा व्यवस्थापिका-संसदद्वारा पारित प्रस्तावको प्रमाणीकरण : (१) नेपालको अन्तरिम संविधान, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम संविधान सभा वा व्यवस्थापिका-संसदद्वारा पारित प्रस्तावको प्रमाणीकरण संविधान सभाको अध्यक्ष वा सभामुखको हस्ताक्षरबाट हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्रामाणिक प्रतिको आधारमा संविधान सभाका महासचिव वा सचिव वा महासचिवले तोकेको राजपत्राङ्कित अधिकृतले सो प्रस्ताव कार्यान्वयन गर्ने वा गराउनेछ।"

५. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐन को दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ :-

"५. अध्यादेश प्रमाणीकरणको कार्यविधि : (१) नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्बाट अध्यादेश जारी गर्ने सिफारिस भएपछि कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयले त्यस्तो अध्यादेशको मस्यौदाको तीन प्रति नेपाली कागजमा तयार गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम तयार भएको अध्यादेशको मस्यौदामा देहायका पदाधिकारीहरुले हस्ताक्षर गर्नु पर्नेछ :-

(क) प्रधानमन्त्री,

(ख) सम्बन्धित विभागीय मन्त्री,

(ग) कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्री,

(घ) नेपाल सरकारको मुख्य सचिव, र

(ङ) कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको सचिव ।

(३) उपदफा (२) बमोजिम हस्ताक्षर भएको अध्यादेशको मस्यौदा कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पठाउनु पर्नेछ र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यस्तो मस्यौदा प्रमाणीकरणको लागि राष्ट्रपति समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त अध्यादेशको मस्यौदाका प्रतिहरुमा राष्ट्रपतिले मिति उल्लेख गरी हस्ताक्षर गरेपछि अध्यादेश प्रमाणीकरण हुनेछ ।

(५) उपदफा (४) बमोजिम प्रमाणीकरण भएपछि सो अध्यादेश ऐन सरह लागू हुनेछ ।

(६) उपदफा (४) बमोजिम अध्यादेश प्रमाणीकरण भएपछि त्यस्ता प्रामाणिक प्रतिहरुमध्ये एक प्रति राष्ट्रपतिको कार्यालयमा राखी अन्य एक/एक प्रति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयमा पठाउनु पर्नेछ र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

त्यस्ता प्रत्येक कार्यालयले त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षितसाथ राख्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्राप्त भएको प्रामाणिक प्रतिको आधारमा कानून न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको सचिवले अध्यादेश प्रमाणीकरण भएको मिति राखी सो अध्यादेश नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।"

६. मूल ऐनमा दफा ५क. थप : मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. थपिएको छ :-

"५क. राष्ट्रपतिबाट जारी हुने आदेश, अधिकारपत्र, सूचनाको प्रमाणीकरण : (१) नेपालको अन्तरिम संविधान, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम राष्ट्रपतिबाट जारी हुने आदेश, अधिकारपत्र, सूचना वा अन्य कुनै लिखतको प्रमाणीकरण राष्ट्रपतिको हस्ताक्षरबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण भएपछि राष्ट्रपतिको कार्यालयले एक प्रति आफ्नो कार्यालयमा सुरक्षित राखी त्यस्तो आदेश, अधिकारपत्र, सूचना वा अन्य लिखत प्रमाणीकरण भएको जानकारी तथा कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्ने विषय प्रकाशनको लागि कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।"

७. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ मा रहेका "दफा ३, ४, ५ र ६" भन्ने शब्दहरुको सट्टा "दफा ३, ४, ५, ५क. र ६" भन्ने शब्दहरु राखिएका छन् ।

८. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"८. संविधान तथा अन्य प्रचलित कानून बमोजिम हुने नियुक्तिको प्रमाणीकरण : (१) नेपालको अन्तरिम संविधान, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम राष्ट्रपतिबाट नियुक्ति हुने पदको नियुक्तिपत्र राष्ट्रपतिको हस्ताक्षरद्वारा प्रमाणीकरण हुनेछ ।

(२) उपदफा (१) बमोजिमको नियुक्तिपत्रको प्रामाणिक प्रति राष्ट्रपतिको कार्यालयले सुरक्षित राखी त्यस्तो प्रमाणीकरणको जानकारी तथा कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्ने विषय प्रकाशनको लागि कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (१) मा लेखिएदेखि बाहेक नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम नियुक्ति हुने अन्य पदको नियुक्ति तोकिएको अधिकारीद्वारा तोकिए बमोजिम प्रमाणीकरण भई तोकिए बमोजिम कार्यान्वयन हुनेछ ।

९. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ मा रहेका "दफा ३, ४, ५, ६, ७, ८, ९ र १०" भन्ने शब्दहरुको सट्टा "दफा ३, ४, ५, ५क., ६, ७, ८, ९ र १०" भन्ने शब्दहरु राखिएका छन् ।

प्रमाणिकरण मिति :-२०६५।९।२४

आज्ञाले,
माधव पौडेल
नेपाल सरकारको सचिव

938



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गो.क्र.द.नं. १६।०६२।६३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।